# सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र

हलचोक, काठमाण्डौं ।

## राष्ट्रिय स्तरको बोलपत्र आह्वानको सूचना नं. ०६/०७३-०७४

**प्रथम पटक सूचना प्रकाशित मिति २०७३।१२।१३ गते ।**

१. सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र हलचोक, काठमाण्डौंको लागि आवश्यक भएका निम्न अनुसारका सामानहरु योग्य बोलपत्रदाताहरुबाट आपूर्तिको लागि शिलबन्दी बोलपत्र वा e-bidding मध्ये कुनै एकको माध्यमबाट बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न :**

| सि. नं. | सामानको विवरण | बोलपत्र जमानत रु. | बोलपत्र फारम दस्तुर रु. | बोलपत्रको मान्य अवधि | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र दाखिला/खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | जेनेरेटरका पार्टपुर्जा तथा सवारी साधनका पार्टपुर्जाहरु : | ५६,०००।- | ३०००।- | ९० दिन | मिति २०७४।०१।११ गते कार्यालय समय भित्र | मिति २०७४।०१।१२ गते दाखिला: १२:०० बजे खोल्ने : १४:०० बजे |
| २ | औषधि तथा सर्जिकलका सामानहरु : | १,१०,०००।- | ३०००।- | ९० दिन | | |
| ३ | इलेक्ट्रिकल, स्टेशनरी, लाउण्ड्री तथा अन्य सामानहरु : | ५६,०००।- | ३०००।- | ९० दिन | | |

२. लिखित निवेदनमा रु.१०।- को टिकट टाँसी मू.अ.कर दर्ता प्रमाण पत्र/स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, फर्म/संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, आ.व.२०७२/०७३ को करचुक्ता प्रमाणपत्र पेश गरेको प्रमाण पत्रहरुको प्रतिलिपी पेश गरेर मात्र यस कल्याणकारी सेवा केन्द्र, हलचोक काठमाण्डौ तथा कोष तथा लेखा नियन्त्रक कार्यालय लैनचौर माथि उल्लेखित रकम फिर्ता नहुने गरी बुझाई मिति २०७४।०१।११ गते कार्यालय समय भित्र बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिने छ ।

३. बोलपत्रदाताले बोलपत्र जमानत बापत माथि उल्लेखित रकम नघटाई सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र हलचोक, काठमाण्डौको हिमालयन बैंक लिमिटेडको खाता नं. ०२५००९४४६३००१५ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको कुनै बाणिज्य बैंकबाट यस सेवा केन्द्रको नाममा जारी भएको बोलपत्र जमानत पेश गर्नु पर्नेछ । बोलपत्र जमानतको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा कम्तीमा १२० दिन हुनुपर्ने छ ।

४. बोलपत्रदाताहरुको बैठक (Pre-Bid Meeting) मिति २०७३।१२।३० गतेको १३:०० बजे यस सेवा केन्द्रमा राखिएको हुँदा बोलपत्रदाताहरु उक्त बैठकमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन सक्नेछन् ।

५. शिलबन्दी दर्ता भएका बोलपत्र फारामहरु मिति २०७४।०१।१२ गते १४:०० बजे खोलुवा समितिका अध्यक्ष तथा सदस्यहरु सरकारी निकायका प्रतिनिधिहरु, सम्बन्धित बोलपत्रदाताहरु तथा निजहरुको बारेशहरुको रोहबरमा यस सेवा केन्द्रमा खोलिने छ । बोलपत्रदाता तथा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

६. बोलपत्र सम्बन्धी कागजात खरिद गर्ने अन्तिम दिन, दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ ।

७. बोलपत्र सम्बन्धी अन्य कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस सेवा केन्द्रको फोन नं. ०१-४२७८१२६ मा सम्पर्क राखी बुझ्न सकिने छ ।

८. यो सूचना सशस्त्र प्रहरी बलको website:www.apf.gov.np मा समेत हेर्न सकिनेछ ।

९. सूचनामा उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र बोलपत्र कागजातमा उल्लेख भए बमोजिम हुने छ ।

१०. e-bidding मा भाग लिने बोलपत्रदाताहरुको लागि :

(क) यस सेवा केन्द्रले सार्वजनिक खरिद अनुगमन कार्यालयको अन्तरिम Portal www.bolpatra.gov.np बाट माथि उल्लेखित सामानहरु खरिद सम्बन्धी e-biddingको कार्य गरिने हुँदा उक्त web मा Login गरी प्राप्त निर्देशन अनुसार गर्नु पर्नेछ ।

(ख) बोलपत्र साथ पेश गर्नु पर्ने कागजातहरु e-bidding Portal www.bolpatra.gov.np मा Scanned Copy Upload गर्नु पर्नेछ । साथै बोलपत्र फाराम दस्तुर बापतको रकम सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र हलचोक, काठमाण्डौ स्थित हिमालयन बैंक लिमिटेडको खाता नं. ०२५००९४४६३००१५ मा जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नु पर्नेछ ।

(ग) e-submission मिति २०७४/०१/१२ गते १२:०० बजे भित्र Scan गरी PDF Format मा Upload गरिसक्नु पर्नेछ । Upload भएका बोलपत्रहरु सोहि दिनको १४:०० बजे खोलिनेछ र खोल्ने समयमा बोलपत्र जमानत र बोलपत्र फाराम दस्तुर बापत राजश्व तिरेको भौचर र अन्य कागजातहरुको सक्कलै प्रति वा नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि पेश गर्न बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि अनिवार्य उपस्थित हुनुपर्नेछ । उल्लेखित कागजात पेश नगर्ने बोलपत्रदाताहरुको बोलपत्रलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

(घ) e-submission भएका बोलपत्रहरु बोलपत्र खोल्ने समयमा Upload भएको नदेखिएमा Upload भएको कागजात प्रष्टसंग नबुझिएमा Download हुन नसकेमा वा नभएमा Download भएको कागजात नखुलेमा यस कार्यालय कुनै किसिमको जवाफदेही हुने छैन ।

**पुनश्च: एकै बोलपत्रदाताले शिलबन्दी बोलपत्र वा e-bidding मध्ये कुनै एक माध्यमबाट मात्र बोलपत्र पेश गर्न सक्नेछन् ।**